# कुञ्जिनी खण्डकाव्यको सङ्कथन विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय
विभाग अन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको नवौँ र दसौँ पत्र
(पाठ सङ्केत ६०९+६१०) को प्रयोजनार्थ
प्रस्तुत

## शोधप्रबन्ध

शोधकर्ता
रामकृष्ण भण्डारी
क्रमाङ्क-९
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७०

दर्शनाचार्य
कुञ्जिनी खण्डकाव्यको सङ्कथन विश्लेषण, - रामकृष्ण भण्डारी
२०७०

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

## शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली दर्शनाचार्य तेस्रो सत्रका विद्यार्थी रामकृष्ण भण्डारीले दर्शनाचार्य तहको नवौं र दसौं पत्र पाठ्यांश (सङ्केताङ्क ६०९+६१०) को प्रयोजनार्थ **कुञ्जिनी खण्डकाव्यको सङ्कथन विश्लेषण** शीर्षकको शोध प्रबन्ध मेरो निर्देशनमा तयार पार्नु भएको हो । निरन्तरको लामो मिहिनेतबाट तयार पारिएको यस शोध प्रबन्धबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य (एम.फिल.) कार्यक्रमको मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति: २०७०/०२/२९

..................................

**प्रा.डा. व्रतराज आचार्य**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका विद्यार्थी रामकृष्ण भण्डारीले दर्शनाचार्य तहको नवौँ र दसौँ पत्र पाठ्यांश (सङ्केताङ्क ६०९+६१०) को प्रयोजनार्थ तयार पार्नु भएको **कुञ्जिनी खण्डकाव्यको सङ्कथन विश्लेषण** शीर्षकको शोध प्रबन्ध आवश्यक मूल्याङ्कनका गरी स्वीकृत गरिएको छ ।

**शोध प्रबन्ध मूल्याङ्कन समिति :** **हस्ताक्षर**

१. **प्रा.डा. देवीप्रसाद गौतम** ............................
(विभागीय प्रमुख)

२. **प्रा.डा. व्रतराज आचार्य** ............................
(शोध निर्देशक)

३. **प्रा.डा. महादेव अवस्थी** ............................
(आन्तरिक परीक्षक)

४. **प्रा.मोहनराज शर्मा** .............................
(बाह्य परीक्षक)

मिति : २०७०/०४/९

## कृतज्ञता ज्ञापन

**कुञ्जिनी खण्डकाव्यको सङ्कथन विश्लेषण** शीर्षकको प्रस्तुत शोध प्रबन्ध मैले मेरा आदरणीय गुरु प्रा.डा. व्रतराज आचार्यको शोध निर्देशनमा तयार पारेको हुँ । उहाँले शोधकार्यको प्रारम्भदेखि दिनु भएको निर्देशन, परामर्श, सल्लाह र सुझावप्रति म आभारी छु । यस विद्धतापूर्ण निर्देशन, मार्ग दर्शन र लेखन त्रुटि निराकरण गरी शोध प्रबन्धलाई अन्तिम रूप दिन महत्त्वपूर्ण सहयोग गर्नु भएकोमा उहाँप्रति हृदयत कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै प्रस्तुत शोध प्रबन्ध तयार गर्ने क्रममा आवश्यक सल्लाह सुझाव दिई सहयोग र हौसला प्रदान गर्नुहुने समादरणीय गुरु प्रा.डा. देवी प्रसाद गौतम लगायतका सेवाकालीन तथा सेवा निवृत्त सम्पूर्ण विभागीय गुरुहरूप्रति आभार प्रकट गर्दछु । त्यसैगरी मेरो शैक्षिक जीवनको उज्ज्वल भविष्यको कामना गरी बस्नुहुने श्रद्धेय माता अक्कल कुमारी भण्डारी तथा पिता ललित बहादुर भण्डारी लगायत सदा भलाई चाहने परिवार, इष्टजन एवम् शुभेच्छुकप्रति कृतज्ञ छु ।

प्रस्तुत शोध प्रबन्धको परीक्षण, परिष्कार र परिमार्जन गर्ने कममा अमूल्य सुझाव दिएर सहयोग गर्नुहुने आदरणीय गुरु प्रा.डा.महादेव अवस्थी तथा शोध विशेषज्ञ प्रा.मोहनराज शर्माप्रति कृतज्ञ छु । त्यसैगरी यस शोध कार्य गर्न अवसर जुटाइदिने नेपाली केन्द्रीय विभाग, आवश्यक शोध सामग्री उपलब्ध गराउने त्रि.वि.केन्द्रीय पुस्तकालय, पुस्तक प्रकाशक संस्था, लेखक, समालोचक, अनुसन्धाताप्रति कृतज्ञता जाहेर गर्दछु । प्रत्यक्ष/अप्रत्यक्ष रूपमा उचित सल्लाह सुझाव दिई सहयोग गर्नु हुने सहपाठी मित्रहरू डिल्लीकुमार देवकोटा, भुवन न्यौपाने, अशोक थापा, हरिकला अधिकारी, विष्णु प्रसाद ज्ञवाली, दीपक ढकाल, अमृत के.सी, घनश्याम शर्मा, खगराज जोशी, राजु लम्साल लगायतका सबै साथीहरूप्रति आभार प्रकट गर्दछु । यस शोध कार्यमा उचित प्रेरणा र हौसला प्रदान गर्ने जीवन सङ्गिनी सुशीला काफ्ले (भण्डारी) तथा टङ्कन कार्यमा सहयोग पुऱ्याउने युनिभर्सल कम्प्युटरका टाइपराइटर सुवास खत्री धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा यो शोध प्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

..........................
**रामकृष्ण भण्डारी**
दर्शनाचार्य तह, कमाङ्क : ९
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# शोधसार

सङ्कथन निश्चित विषय, प्रसङ्ग र सन्दर्भसँग जोडिएको सोद्देश्यपूर्ण लेख्य कथन हो । यसमार्फत् वक्ता र श्रोता बीचको आशय, मनोभाव, विचार आदि सम्प्रेषण गरिन्छ । सामान्य फुटकर लेख रचनादेखि गम्भीर एवम् साहित्यका विशिष्ट काव्यकृतिको अभिव्यक्ति समेत सङ्कथनभित्र पर्दछ । यसमा मूलतः सङ्कथनको क्षेत्र, सहभागी र माध्यमका आधारमा सङ्कथकीय अन्तर्वस्तु संसक्ति, संयुक्ति आदिको व्यवस्थित अध्ययन विश्लेषण गर्न सकिन्छ । सङ्कथन विश्लेषणभित्र वाक्य संरचना, शव्दचयन, तिनको विन्यास, वर्ण वा शाव्दिक समानताबाट सिर्जित विविध समानान्तरता, विशिष्ट लय, भाषिक तथा विधागत सङ्गठन, आर्थी सम्बन्ध तथा सन्दर्भ आदिको अध्ययन गरिन्छ । यसमा भाषिक पक्षको प्रकार्यात्मक स्थिति, व्याकरणिक र कोशीय शव्द, पाठको आख्यान संरचना, सन्दर्भहरूको खोजी र सहभागी भूमिकाको पारस्परिक सम्बन्ध आदिको अध्ययन विश्लेषण गरिन्छ ।

प्रस्तुत शोध कार्य सम्पन्न गर्नको निम्ति संसक्ति अध्ययनका क्रममा पाश्चात्य भाषा वैज्ञानिक एवम् सङ्कथनविद् एम.के.ह्यालिडे र रुकैया हसनको पाठ विश्लेषणका आधार, समानान्तरताका निम्ति गे. कुकको सङ्कथन विश्लेषण सिद्धान्त तथा संयुक्तिका निम्ति भ्यान डिक र टेरिलकको पाठ विश्लेषण सम्बन्धी सैद्धान्तिक मान्यतालाई मूल आधार मानिएको छ । यसैगरी विधागत आख्यान संरचनाको अध्ययन गर्ने क्रममा पूर्वीय काव्यशास्त्री भरतको नाट्यशास्त्रीय सिद्धान्तको उपयोग गरी शोध विश्लेषण गरिएको छ ।

सङ्कथनभित्रका एकाइहरूको उचित व्यवस्थापनले कुञ्जिनी खण्डकाव्य बढी सहज र सन्तुलित बन्न पुगेको छ । संसक्ति र संयुक्ति व्यवस्थाको सफल उपयोगिताका कारण काव्यको व्याकरणिक, कोशीय, आर्थी तथा संज्ञानसन्दर्भ समेत व्यक्त हुन पुगेको छ । विभिन्न प्रकारका संयोजी शब्दहरूले काव्यिक सङ्कथनलाई एकीकृत गराएका छन् । निदर्शन, संयोजक, सम्बद्धक शब्दहरू मार्फत् काव्यले प्रस्तुत गर्ने अर्थगत आधारहरू बढी सहज, सुसम्बद्ध, सान्दर्भिक र वस्तुनिष्ठ बन्न पुगेका छन् । शाब्दिक सन्दर्भनको उचित समावेशका कारण काव्यमा आशयार्थ र संज्ञान बोधका बीच सामाञ्जस्यता रहेको छ । पाठको न्यूनतम भाषिक एकाइदेखि अधिकतम एकाइसँगको क्रमविन्यास, आर्थी सम्बद्धता र संरचना जस्ता व्याकरणिक व्यवस्थाको अनुक्रम औचित्यपूर्ण रहेको छ । पाठमा उपयुक्त किसिमको सङ्कथन शब्दको प्रयोग, तार्किक आधारहरू तथा ध्वनि/वर्णका तहदेखि सिङ्गो कृतिसम्म आइपुग्दा यसको आन्तरिक र बाह्य सम्बद्धताको परस्पर उचित संयोजन रहेको छ । काव्यमा निहित कथनहरू बीचको कार्यकारण सम्बन्ध, घटना श्रृङ्खला, शाब्दिक अर्थ, शब्द सङ्गति तथा अलङ्कार र व्यञ्जना जस्ता सङ्कथन विश्लेषणका आधारभूत

एकाइहरूको वैचारिक र शिल्पगत कौशलका कारण कुञ्जिनी खण्डकाव्यको सङ्कथन व्यवस्था उपयुक्त रहेको छ ।

कुञ्जिनी खण्डकाव्यको शोधसारलाई बुँदागत रूपमा यसप्रकार हेर्न सकिन्छ :

१. कुञ्जिनी खण्डकाव्यमा व्यक्तिवाचक, स्थानवाचक र समयवाचक निदर्शनका सन्दर्भहरू तथा बहि:सन्दर्भित र अन्त:सन्दर्भित जस्ता निदर्शनका तहहरूको उचित उपयोग हुनुका साथै विलोप, प्रतिस्थापन, संयोजन र शाब्दिक समानार्थक, विपरीतार्थक तथा समावेशात्मक पुन:कथन जस्ता साहचर्यात्मक शव्द संयोजनले संयुक्ति व्यवस्थालाई सुदृढ तुल्याएको छ ।

२. कुञ्जिनी खण्डकाव्यमा ध्वनि/वर्ण तथा शव्दका अनुप्रास एवं आवृत्ति योजनाको उचित विन्यासले भाषिक तथा अर्थगत समानान्तरताद्वारा वार्णिक, व्याकरणिक र आर्थी सुसम्बद्धता कायम गरी काव्य लयात्मक, छन्दोबद्ध, गेयात्मक, साङ्गीतिक, श्रुतिमधुर, आलङ्कारिक, सौन्दर्यपूर्ण, भाव संवेद्य र विशिष्ट बन्न पुगेको छ ।

३. कुञ्जिनी खण्डकाव्यमा क्षेत्र, सहभागी र माध्यम जस्ता त्रिपक्षीय अन्त:सम्बन्धका कारण संयुक्ति व्यवस्थाको उचित विन्यास रहेको छ । पङ्क्तिका तहदेखि श्लोक, खण्ड हुँदै सिङ्गो पाठसम्म नै यसको उपयुक्त शृङ्खला निर्माण भएको छ । काव्यमा विभिन्न परिस्थिति र त्यसले प्रदान गर्ने संज्ञानात्मक अर्थका निम्ति फरक फरक विषय सन्दर्भहरूको उठान भएको छ । नायक गारे र नायिका कुञ्जिनीको प्रेम सन्दर्भ तथा राष्ट्रियता र वीरताका निम्ति युद्धसँग सम्बन्धित तात्कालिक र वृहत् सन्दर्भ तथा वृहत्भित्र ग्रामीण-सामाजिक सन्दर्भ, धार्मिक-सांस्कृतिक सन्दर्भ, संज्ञानात्मक सन्दर्भ, राष्ट्रिय एवम् अन्तराष्ट्रिय सन्दर्भ जस्ता विषयहरूलाई काव्यले स्पष्ट रूपमा चित्रण गरेको छ । सहभागी अन्तर्गत प्रमुख, सहायक र गौण पात्रहरूको विविध कार्यगत र अभिनयगत विविध भूमिका तथा तिनले अभिव्यक्तिमा पारेको प्रभाव सनसनीपूर्ण रहेको छ ।

४. कुञ्जिनी खण्डकाव्य विधागत आख्यान संरचनामा आधारित छ । यसमा आख्यान योजनाको अन्विति कम, घटना संयोजन, भाषिक सुगठन, सङ्कथन शव्दको प्रयोग, शाव्दिक सङ्गति, अर्थगत सम्बन्ध, विविध सन्दर्भार्थ, व्याकरणिक, कोशीय अर्थको प्रकटीकरण तथा आन्तरिक र बाह्य सम्बद्धताको पारस्परिक अन्तर्सम्बन्धको स्थिति देखिएको छ । आख्यान अन्तर्गत मूल आख्यानभित्रै उपाख्यानको चित्रण गरिएको छ । यसमा शृङ्गार रसको परिपाक र रति स्थायी भावको परिपाक भएको छ । उपाख्यानका कममा जर्मनको युद्ध घटनाले निम्त्याएको नायक गोरेको मृत्युको दु:खान्त वर्णनको कारुणिकता प्रस्तुत गरिएको छ । त्यसैगरी मूल आख्यानकै

अन्त्यमा प्रेमी गोरेको विछोडबाट निष्पन्न प्रेम पीडाको चरमोत्कर्षका रूपमा कुञ्जिनीले आफ्नो अमूल्य जीवन गोरेकै निम्ति समर्पण गर्दै कोल्पू खोलामा हाम्फालेर जीवन बलिदान गरी निश्छल प्रेमको पवित्र सम्बन्धको प्रमाण सिद्ध हुन पुगेको छ । यसरी नायक-नायिका दुबैको कारुणिक र दुःखदायी मृत्युका कारण करुण रसको परिपाक हुन पुगी शोक स्थायी भाव निष्पत्ति भएको छ ।

यसप्रकार सङ्कथन विश्लेषणका दृष्टिले प्रस्तुत कुञ्जिनी खण्डकाव्य सफल र सार्थक कृति रहेको देखिन्छ । यस काव्यमा सङ्कथनका महत्त्वपूर्ण घटकहरू संसक्ति र संयुक्तिको उचित विन्यास योजना रहेको छ । संसक्तिका तवरबाट हेर्दा काव्यकृति निर्माणका संरचक आधारभूत घटकहरू ध्वनि वा वर्णका तहदेखि पद पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद, कथोपकथन, प्रसङ्ग आदिको आवश्यकीय उपयुक्त विन्यास योजनाबाट सिङ्गो कृतिको निर्माण भएको छ । काव्यमा प्रयुक्त भाषिक एकाइहरूका बीच विविध अर्थगत सम्बन्ध स्थापित भएको छ । यस क्रममा भाषिक एकाइले दिने अर्थ र तिनको पारस्परिक सुसम्बद्धता समेत सुदृढ हुन पुगेको छ । यसरी कुञ्जिनी खण्डकाव्यले संसक्तिका दृष्टिले भाषिक व्यवस्थापन तथा संयुक्तिका रूपले भाषिक एकाइ र तिनका विविध अर्थगत समानान्तरताले एउटा सिङ्गो  एकाइ वा सकल सङ्कथन कृति (कुञ्जिनी) को पूर्ण संरचना प्राप्त गरेको छ । अतः कुञ्जिनीमा संरचना र अर्थका कोणबाट बाह्य र आन्तरिक सुसम्बद्धता रहेको कुरा स्पष्ट हुन्छ ।

# विषयसूची


**१. परिच्छेद एक : शोध परिचय** **१-११**

१.१ विषय परिचय १

१.२ समस्याकथन ३

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधको औचित्य, महत्त्व र उपयोगिता ८

१.६ शोधको सीमाङ्कन ८

१.७ शोध विधि ९

१.७.१ सामग्री सङ्कलन विधि ९

१.७.२ सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा ९

१.८ शोध प्रबन्धको रूपरेखा ११

**२. परिच्छेद दुई : कुञ्जिनी खण्डकाव्यमा संसक्ति व्यवस्था** **१२- ५५**

२.१ विषय प्रवेश १२

२.२ सङ्कथन विश्लेषण र संसक्ति सिद्धान्त १४

२.३ कुञ्जिनी खण्डकाव्यमा व्याकरणिक संसक्ति १७

२.३.१ निदर्शन (सन्दर्भन) र त्यसका एकाइ १७

२.३.२ कुञ्जिनीमा निदर्शन र त्यसका एकाइको प्रयोग १८

२.३.३ निदर्शनका तह २४

२.३.३.१ विलोपन र प्रतिस्थापन ३२

२.३.३.२ संयोजन ४०

२.४ कुञ्जिनी खण्डकाव्यमा शाब्दिक संसक्ति ४८

२.४.१ समानार्थक पुनःकथन ४८

२.४.२ विपरीतार्थक पुनःकथन ५०

२.४.३ समावेशात्मक पुनःकथन ५२

२.४.४ निष्कर्ष ५५

**३. परिच्छेद तीन : कुञ्जिनी खण्डकाव्यमा समानान्तरता** **५६-९३**

३.१ विषय प्रवेश ५६

३.२ सङ्कथन विश्लेषण र समानान्तरता ५६

३.३ कुञ्जिनी खण्डकाव्यमा आलङ्कारिक समानान्तरता ५८
३.३.१ वार्णिक आलङ्कारिक समानान्तरता ५८
३.३.२ शाब्दिक आलङ्कारिक समानान्तरताा ६१
३.३.३ व्याकरणिक आलङ्कारिक समानान्तरता ७४
३.३.४ कुञ्जिनी खण्डकाव्यमा अर्थगत आलङ्कारिक समानान्तरता ७५
३.४ कुञ्जिनी खण्डकाव्यमा छन्दगत समानान्तरता ७९
३.४.१ छन्दगत सामान्य लय ढाँचा ८०
३.४.२ छन्दगत नियमित र अनियमित समानान्तरता ८७
३.५ निष्कर्ष ९३

**परिच्छेद चार : कुञ्जिनी खण्डकाव्यमा संयुक्ति व्यवस्था ९४-१२२**
४.१ विषय प्रवेश ९४
४.२ सङ्कथन विश्लेषण र संयुक्ति सिद्धान्त ९४
४.३ कुञ्जिनी खण्डकाव्यमा विषय (घटना) सन्दर्भ ९७
४.३.१ तात्कालिक विषय सन्दर्भ ९९
४.३.२. वृहत्तर (व्यापक) विषय सन्दर्भ १००
४.३.२.१ कुञ्जिनी खण्डकाव्यमा ग्रामीण -सामाजिक सन्दर्भ १०१
४.३.२.२ कुञ्जिनी खण्डकाव्यमा धार्मिक - साँस्कृतिक सन्दर्भ १०५
४.३.२.३ कुञ्जिनी खण्डकाव्यमा संज्ञानात्मक सन्दर्भ १०७
४.३.२.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ १०९
४.४ कुञ्जिनी खण्डकाव्यमा सहभागी सन्दर्भ १११
४.४.१ सङ्कथन विश्लेषण र सहभागी सिद्धान्त १११
४.४.२ दृश्य र सूच्य सहभागी ११४
४.४.३ बद्ध र मुक्त सहभागी ११५
४.४.४.स्थिर र गतिशील सहभागी ११५
४.५ कुञ्जिनी खण्डकाव्यमा सहभागी भूमिका ११६
४.५.१ कार्यका दृष्टिले प्रमुख सहभागी भूमिका ११७
४.५.२ कार्यका दृष्टिले सहायक सहभागी भूमिका १२०
४.५.३ कार्यका दृष्टिले सहायक खलपात्रको सहभागी भूमिका १२१
४.५.४ कार्यका दृष्टिले गौण सहभागी भूमिका १२१
४.६ सहभागी भूमिकाले अभिव्यक्तिमा पारेको प्रभाव १२२
४.७ निष्कर्ष १२३

**परिच्छेद पाँच : कुञ्जिनी खण्डकाव्यमा विधागत आख्यान संरचना** **१२४-१३४**
५.१. विषय प्रवेश १२४
५.२. सङ्कथन सिद्धान्त र विधातत्त्व १२४
५.३. कुञ्जिनी खण्डकाव्यमा कथानक सङ्केत १२५
५.३.१ कुञ्जिनी खण्डकाव्यमा कथानक रेखीय संरचना १२५
५.३.२ कुञ्जिनी खण्डकाव्यमा कथानक विकासावस्था १२७
५.३.३ कुञ्जिनी खण्डकाव्यमा सर्गयोजना १३१
५.४ निष्कर्ष १३४

**परिच्छेद छ : सारांश तथा निष्कर्ष** **१३५- १४७**
६.१ सारांश १३५
६.२ शोध निष्कर्ष १४०
६.२.१ मूल निष्कर्ष १४६

**परिशिष्ट**
पारिभाषिक शब्दावली सूची १४८-१५०
सन्दर्भ सामग्री सूची १५१-१५३

# तालिका सूची


| क.सं. | तालिका सङ्केत | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | निदर्शक चिन्हहरू | ३१ |
| २. | समावेशात्मक पुनःकथन शव्द | ५३ |
| ३. | नियमित छन्दगत समानान्तरताका पदहरू | ९० |
| ४. | घटना सन्दर्भ | ९७ |
| ५. | प्रमुख सहभागी भूमिका | ११७ |
| ६. | सहायक सहभागी भूमिका | १२० |
| ७. | सहायक खलपात्रको भूमिका | १२२ |
| ८. | गौण सहभागी भूमिका | १२३ |
| ९. | कार्य व्यापार सन्दर्भ सङ्केत | १२६ |

# सङ्क्षिप्त शब्दसूची

| | |
|---|---|
| अनु. | अनुच्छेद |
| उदा | उदाहरण |
| क्र.सं | क्रम सङ्ख्या |
| चि | चित्र |
| ता | तालिका |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो. सं. | दोस्रो संस्करण |
| नं | नम्बर |
| पृ. | पृष्ठ |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| वि.सं. | विक्रम संवत |
| श्लो. | श्लोक |
| सं. | संवत् |
| संस्क | संस्करण |
| सम्पा | सम्पादक |